(२) उपदफा (१) बमोजिम सिफारि ससमिति गठन भै सो समितिले अङ्ग प्रत्यारोपण गर्ने व्यक्तिहरुका सम्बन्धमा नजिकका नातेदार हुन भनी सिफारिस गरेमा, ऐनको दफा १५ बमोजिमको विषयहरु सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरिदिनु पर्नेछ ।

(३) नजिकका नातेदारका सम्बन्धमा कुनै शंका लागेमा वा नजिकका नातेदार पहिचान गर्न असजिलो भएमा सम्बन्धित स्वास्थ्य संस्थाले सम्बन्धित पालिकामा सम्बन्धित कागजात माग गर्न सक्नेछ ।

(४) नजिकको नातेदार नभएको व्यक्तिलाई नातोदार हो भनी समितिले सिफारिस गरेमा प्रचलित ऐन तथा नियम बमोजिम कारवाही हुनेछ ।

(५) विदेशी नागरिकको हकमा सम्बिन्धित विदेशी नियोगबाट नाता प्रमाणित गरेको हुनु पर्नेछ ।

८. **मस्तिष्क मृत्युका सम्बन्धमाः** मस्तिष्क मृत्युका सम्बन्धमा नेपाल सरकार तथा मन्त्रालयबाट जारी भएका निर्देशिका तथा मापदण्डको प्रावधानहरु अङ्ग प्रत्यारोपण गर्ने सम्बन्धित स्वास्थ्य संस्थाले पालना गर्नु पर्नेछ ।

९. **स्वास्थ्य संस्थाको अभिलेख सम्बन्धमाः** (१) अङ्ग प्रत्यारोपण गर्ने सम्बन्धित सवै स्वास्थ्य संस्थाले अङ्ग प्रत्यारोपण सम्बन्धमा गरेका सम्पूर्ण काम कारवाहीहरुको अभिलेखहरुलाई सुरक्षित तवरले राख्नु पर्नेछ ।

(२) सम्बन्धित स्वास्थ्य संस्थाले आफ्नो प्रतिवेदन अनुसूची १ बमोजिमको ढाँचामा त्रैमासिक रुपमा समितिमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन अनलाइनबाट समेत पठाउन सकिनेछ ।

१०. **खारेजी र बचाउः** (१) मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) निर्देशिका, २०६९ खारेज गरिएको छ ।

(२) मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) निर्देशिका, २०६९ बमोजिम गरिएका काम कारबाहीहरु यसै निर्देशिका बमोजिम भए गरेका मानिने छन् ।